# नेपाल टेलिकम

(नेपाल दूरसंचार कम्पनी लिमिटेड)

## केन्द्रीय कार्यालय

## पदपूर्ति समितिको

## सूचना नं.५।०६५।६६

प्रथम पटक प्रकाशित मिति: २०६५।४।३०

### कार्य क्षमता मूल्यांकन वढुवाको सूचना

यस नेपाल दूरसंचार कम्पनी लिमिटेडमा रिक्त रहेको निम्न लिखित पदमा कर्मचारी विनियमाबली २०६१ को विनियम १३,२३,२४,२७,२८,२९,३० र ३०(क) बमोजिम कार्य क्षमता मूल्यांकनको आधारमा बढुवाद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले विनियम २४ को (१), (२) र (३) बमोजिम २०६५ आषाढ मसान्त सम्ममा ४ बर्ष (महिला कर्मचारीको लागि ३ बर्ष) स्थायी सेवा अबधि पुगेका कम्पनीका सबै सेवा समूहका एक तह मुनिका पदमा कार्यरत रहि निम्न लिखित योग्यता पुगेका कर्मचारीहरुले आफुले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, नियूक्ति तथा सरुवा पत्रहरु (जेष्ठता, भौगोलिक क्षेत्र र कार्यालय प्रमुख भै कार्य गरेको भए अवधि स्पष्ट देखिने) प्रमाणपत्रहरुको प्रतिलिपी १।१ प्रति संलग्न गरि यस कम्पनीको बढुवा बिबरण फाराममा आफ्नो बिबरण भरी यो सूचना गो.प.मा प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र के.का. पदपूर्ति सचिवालय वा सम्बन्धित क्षे.नि.हरु बिराटनगर, बीरगन्ज, भैरहवा, नेपालगन्ज र धनगढीमा दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेको र म्याद नाघि प्राप्त भएको बढुवा बिबरण फाराम उपर कारवाही हुनेछैन ।

यो सूचना यस कम्पनीको Website www.ntc.net.np/departments/hrm/hrm.php. मा समेत हेर्न सकिनेछ ।

| बढुवा बि.नं. | पदको नाम | सेवा समूह | तह | पद संख्या | आबश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| ८।०६५।६६ | कम्पनी सचिब | सेवा नखुलेको | ११ | १ | यस कम्पनीको तह १० मा रहि बढुवाका लागि आबश्यक सेवा अबधि पुरा गरि प्रचलित कानून बमोजिम कम्पनी सचिब सम्बन्धी व्याबसायिक प्रमाणपत्र जारी गर्ने अधिकार प्राप्त स्वदेशी वा बिदेशी निकायवाट कम्पनी सचिबको व्याबसायिक प्रमाणपत्र प्राप्त गरी कम्तीमा २ बर्ष सम्म सम्बन्धित क्षेत्रमा काम गरेको वा कानून, व्यबस्थापन, वाणिज्य वा अर्थशास्त्र बिषयमा कम्तीमा स्नातकोपाधि हासिल गरि कम्तीमा ३ बर्ष सम्म सम्बन्धीत क्षेत्रमा वा कम्पनी व्यबस्थापन क्षेत्रमा काम गरेको । |